नेपाल सरकार
गृह मन्त्रालय
# बागमती प्रदेश प्रहरी कार्यालय हेटौडा, मकवानपुर
(आर्थिक प्रशासन शाखा)

कार्यालय प्रमुख
(अरूण पौडेल)
प्रहरी नायब महानिरीक्षक

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२ साल कार्तिक २४ गते सोमबार।

यस बागमती प्रदेश प्रहरी कार्यालय, हेटौडा मकवानपुरमा रहेका कुकुर संख्या-७ (सात) का लागि कुकुर दाना (आहार) सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा आ.व. २०८२।०८३ साल अर्थात २०८२ साल माघ १ गतेदेखि २०८३ साल पौष मसान्तसम्म बर्ष १ (एक) को लागि खरिद गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएकै दिन देखि मिति २०८२।०८।०८ गते सोमबार कार्यालय समय भित्र दरभाउपत्र फाराम खरिद गरी मिति २०८२।०८।०९ गते मंगलबार दिनको १२:०० भित्र निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ। यो सूचना यस कार्यालयको वेवसाईट:-https://bagmati.nepalpolice.gov.np मा पनि हेर्न सकिनेछ। विस्तृत विवरण बुझ्न परेमा कार्यालय समय भित्र बागमती प्रदेश प्रहरी कार्यालय, हेटौडा आर्थिक प्रशासन शाखामा सोझै सम्पर्क गर्न वा कार्यालयको टेलिफोन नं. ०५७-५२१४९९ मा समेत सम्पर्क गर्न सकिने छ।

निम्नः-

१. खरिद गरिने पशुपंक्षी आहारको किसिम र परिमाण तथा प्राविधिक विवरण (स्पेसिफिकेशन) लगायत अन्य शर्तहरु दरभाउपत्र कागजातमा उल्लेख भए बमोजिम हुने छ।

२. सिलबन्दी दरभाउपत्रको माध्यमबाट भाग लिन चाहाने दरभाउपत्र दाताहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको दिन देखि मिति २०८२।०८।०८ गते सोमबार कार्यालय समय भित्र तोकिएको शुल्क नगदै रु. १,०००।– (फिर्ता नहुने गरी) वा नेपाल सरकारको राजश्व शिर्षक १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क), कार्यालय कोड ३१४०४३२०१, खाता नं. ००१०१००००००००१००१००१ मा रकम जम्मा गरेको सक्कल भौचर साथ लिखित निवेदन सहित नेपाली नागरिक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि, फर्म वा संस्था वा कम्पनी दर्ता प्रमाण-पत्र व्यवसाय दर्ता प्रमाण पत्र/इजाजत पत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्र र सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाण पत्र/आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाण पत्र र आ.व. २०८१।०८२ को कर बिवरण पेश गरेको/म्याद थप गरेको प्रमाणित कागजात समेत संलग्न राखी यस कार्यालयको आर्थिक प्रशासन शाखा हेटौडा, कोष तथा लेखा नियन्त्रक कार्यालय, मकवानपुर हेटौडा तथा जिल्ला प्रशासन कार्यालय, मकवानपुर हेटौडा समेतबाट दरभाउपत्र खरिद गर्न सकिनेछ।

३. सिलबन्दी दरभाउपत्र पेश गर्ने दरभाउपत्रदाताहरुले सूचना प्रकाशित भएकै दिन देखि मिति २०८२।०८।०९ गते मंगलबार १२:०० बजे भित्र सि.नं. २ मा उल्लेखित कागजात साथ सिलबन्दी दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ। यसरी दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको १४:०० बजे यस कार्यालयमा सिलबन्दी दरभाउपत्र मुल्यांकन समितिका पदाधिकारी एवं कार्यालयमा उपस्थित प्रतिनिधि समक्ष दरभाउपत्रदाता वा निजहरुका आधिकारीक प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता तथा निजहरुको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन। दरभाउपत्र दर्ता तथा खोलिने दिन कारण बस कुनै सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित स्थान र समय भित्र दरभाउपत्रहरु दर्ता र खोलिने छ।

४. दरभाउपत्र फाराम साथ तोकिएको जमानत रकम रु. ३७,०००।- (अक्षरुपी सैत्तीस हजार) मात्र कोष तथा लेखा नियन्त्रक कार्यालय हेटौडाको नेपाल बैक लिमिटेड, हेटौडा स्थित एकल धरौटी खाता नं. ०२५०१०००००२००३०००००१ मा जम्मा गरेको सक्कलै दोश्रो प्रति भौचर वा "क" श्रेणीको ईजाजत प्राप्त बाणिज्य बैकबाट नियमानुसार जारी भएको जमानत पेश गर्नु पर्नेछ। बैक जमानत दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले दरभाउपत्रको लागि ७५ दिन मान्य अवधिको हुनु पर्नेछ।

कार्यालय प्रमुख
(अरुण पौडेल)

५. दरभाउपत्र दाताहरुले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० उपनियम २(ङ) मा उल्लेख भए अनुसार दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नँबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषणा पत्र पेश गर्नु पर्नेछ ।

६. म्याद नाघी प्राप्त भएका वा रित नपुगेका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । यस कार्यालयबाट बिक्रि बितरण भएको दरभाउपत्र मात्र मान्य हुने र एक ब्यक्ति, फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति, फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

७. कुकुर दानाको दररेट भर्दा प्रत्येक आईटमको प्रतिदिनको बोलअंक भर्नु पर्ने छ । दरभाउपत्रमा कुकुर दानाको दररेट भर्दा मु.अ.कर बाहेकको दररेट अंक र अंक्षरमा प्रष्ट खुलाइ भरी पेश गर्नु पर्ने छ । अंक र अक्षरमा लेखिएको दररेट फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईने छ । केरमेट वा टिपेक्सको प्रयोग भएमा दरभाउपत्र दाताको सहिछाप भएको हुनु पर्नेछ ।

८. दरभाउपत्र साथ आवश्यक कागजातको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने । प्रमाणित गर्दा नोटरी पब्लिकबाट गराउने सो बाट सम्भव नभएमा आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

९. सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचीमा राखेका व्यक्ति, फर्म,संस्था वा कम्पनीहरुले बोलपत्रमा भाग लिन पाईने छैन ।

१०. दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय भुक्तान हुनु अघि बोलपत्रदाताले कार्यालयमा पेश गरेको बोलपत्र संशोधन गर्न वा सो फिर्ता लिन शिलबन्दी गरी लिखित निवेदन वा सूचना दिन सक्नेछ । दरभाउपत्र दाताले यस्तो सूचना दिदाँ बोलपत्रको बिषय, बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम र ठेगाना बोलपत्र संशोधन गरिएको वा फिर्ता माग गरिएको र बोलपत्र खोल्ने दिन र समयमा मात्र खोल्नु पर्ने व्यहोराहरु शिलबन्दी खाम बाहिर लेखिएको हुनु पर्नेछ ।

११. कुकुर दाना (आहार) खरिद सम्झौता अवधीभर कुनै पनि मुल्य बृद्धी दिईने छैन । कुकुर दाना (आहार) ढुवानी वापतको खर्च आपुर्तिकर्ता स्वंयमले बेर्होनु पर्नेछ ।

१२. दरभाउपत्र साथ कुकुर दानाको प्राविधिक बिवरण (स्पेसिफिकेशन) बमोजिम गुणस्तरयुक्त र नेपाल सरकारले तोकेको मापदण्ड भित्रको कुकुर दाना (आहार) आपुर्ति गर्नु पर्नेछ । आपुर्तिकर्तालि कुकुर दाना (आहार) नमूना १ किलो ग्राममा नघटाई सिलप्याक गरी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

१३. कुकुर दाना (आहार) आपुर्तिकर्ताले नमुना तथा स्पेसिफिकेशन बमोजिमको कुकुर दाना (आहार) आपुर्ति गर्न नसकेमा वा कुनै बाँधा व्यवधान भएमा सो उपर प्रचलित ऐन नियम बमोजिम कारवाही उठाई कुकुर दाना (आहार) खरिद सम्झौता रद्ध गरिनेछ । त्यसरी रद्ध हुँदा कार्य सम्पादन जमानत जफत गर्नुको साथै बाँकी अवधीको लागि थप दायित्व श्रृजना भएमा आपुर्तिकर्ताबाट असुल उपर गरिनेछ ।

१४. दरभाउपत्र दाताले दरभापत्र साथ अघिल्लो ३ (तीन) आ.व.हरुको (२०७९।०८०, २०८०।०८१ र २०८१।०८२) साल मध्ये कुनै एक आ.व.मा कुनै सरकारी निकाय वा निजी संस्थामा सन्तोषजनक रुपमा दाना आपुर्ति गरेको वा गरिरहेको प्रमाणित कागजातको प्रतिलिपि पेश गर्नु पर्नेछ र उक्त कार्य अनुभव गणना गर्दा बोलपत्रदाताले कबोल गरेको अंकको कम्तीमा ५० प्रतिशत हुनु पर्नेछ ।

१५. कुकुर दाना (आहार) को खरिद सम्झौता भए पछि मात्र अन्य अस्वीकृत दरभाउपत्र दाताहरुको धरौटी रकम नियमानुसार फिर्ता र फुकुवा दिईनेछ ।

१६. दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१७. दरभाउपत्र दाताले दरभाउपत्र सम्बन्धी कुनै पनि कागजातमा उल्लेखित सर्तहरुको प्रतिकुल हुने गरि कुनै पनि सर्त थप गर्न पाईने छैन ।

१८. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) र प्रचलित अन्य नेपाल कानून बमोजिम हुनेछ ।